# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५२) काठमाडौं, भदौ ५ गते २०५९साल (अतिरिक्ताङ्क ३९ (घ)

## भाग ३

### निर्वाचन आयोगको
### सूचना १

निर्वाचन आयोगले मतदाता परिचयपत्र सम्बन्धी नियमावली, २०५३ को नियम ३ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी मतदाता परिचयपत्र दिने व्यवस्था लागू भएका १०५ निर्वाचन क्षेत्रहरूमध्ये काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३, ४,५,६ र ७, ललितपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ र ३, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ र २, सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ५ तथा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ समेत गरी पाँच जिल्लाका १३ निर्वाचन क्षेत्रहरूमा २०५८ सालमा संकलित मतदाता नामावली अनुसारका थप मतदाताहरूको मतदाता परिचयपत्र अद्यावधिक गर्न, गत वर्षहरूमा मतदाता परिचयपत्र लिन छूट भएका र यस पटक मतदाता नामावलीमा नाम थप भएका मतदाताहरूलाई परिचयपत्र वितरण गर्न तथा पहिले वितरण गरिएका मतदाता परिचयपत्र हराएका, चोरी वा नष्ट भएका मतदाताहरूलाई मतदाता परिचयपत्रको प्रतिलिपि वितरण गर्नको लागि निर्वाचन आयोगका सचिवलाई केन्द्रीय परिचयपत्र व्यवस्थापन अधिकारी तोकेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
C02

## सूचना २

निर्वाचन आयोगले मतदाता परिचयपत्र सम्बन्धी नियमावली, २०५३ को नियम ७ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी मतदाता परिचयपत्र दिने व्यवस्था लागू भएका १०५ निर्वाचन क्षेत्रहरूमध्ये काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३,४,५,६ र ७, ललितपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ र ३, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ र २, सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ५ तथा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ समेत गरी पाँच जिल्लाका १३ निर्वाचन क्षेत्रहरूमा २०५८ सालमा अद्यावधिक गरेको मतदाता नामावली अनुसारका मतदाताहरूलाई र मतदाता परिचयपत्र वितरण गर्न बाँकी रहेका मतदाताहरूलाई २०५९ साल भदौ १० गतेदेखि २०५९ साल असोज मसान्तसम्म मतदाता परिचयपत्र दिने अवधि तोकेको छ।

## सूचना ३

निर्वाचन आयोगले मतदाता परिचयपत्र सम्बन्धी नियमावली, २०५३ को नियम १२ को उपनियम(२) ले दिएको अधिकार प्रयोग गरी मतदाता परिचयपत्र दिने व्यवस्था लागू भएका १०५ निर्वाचन क्षेत्रहरूमध्ये काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १,२,३,४,५,६ र ७, ललितपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ र ३ भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ र २, सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ५ तथा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ समेत गरी पाँच जिल्लाका १३ निर्वाचन क्षेत्रहरूमा वितरण गरिएको मतदाता परिचयपत्रको प्रतिलिपि वितरण गर्ने समयावधि २०५९ साल भाद्र १० गतेदेखि २०५९ साल असोज मसान्तसम्म तोकेको छ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८०४